स्थानिय सरकार
# कनकासुन्दरी गाँउपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
विराट , सिजा जुम्ला
कर्णाली प्रदेश, नेपाल

प.सं. : ०७७/०७८
च.नं :- ८०

phone:- 9748632507
website:-www.kankasundarimun.gov.np
Mail:-info@kankasundarimun.gov.np
ito.kankasundarimun@gmail.com

मिति:-२०७७/०५/०१

सुचना! सुचना!! सुचना!!!

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय जुम्लाको प.सं. ०७७।०७८ मिति २०७७।०४।३२ गतेको पत्रानुसार चन्दननाथ नगरपालिकाको विभिन्न स्थानबाट Throat Swab संकलन गरि परिक्षण गर्ने क्रममा समुदाय स्तरमा कोरोना संक्रमण फैलन सक्ने सम्भावनालाई मध्यनजर गर्दै जुम्ला जिल्लामा रहेका नगरपालिका गाउँपालिकाका सम्पर्ण क्षेत्रहरुमा पर्ने स्वास्थ्य संथा बाहेक अन्य कार्यालय समेत मिति २०७७।०४।३२ गते राति १२ बजे देखी अर्को आदेश नभए सम्मका लागी भिडभाड, जमघट, मेला, पर्व, जात्रा तथा आसान्न चाडपर्वहरु नगर्न नगराउने तथा कुनै पसल कार्यालय, ब्यवसाय, संघ संथा, खोल्न नपाउने गरि आज मिति २०७७।०४।३२ राति १२ बजे देखि अर्को निर्णय नभए सम्मको लागि संक्रण रोक्न ऐन २०२० को २ (२) तथा स्थानिय प्रशासन ऐन २०२८ दफा ६(३) बमोजिम निशेधाज्ञा जारि गरिएको ब्यहोरा सर्वसाधरणमा सुचित गरिन्छ ।

...........................
नरविर रावत
अध्यक्ष

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
जुम्ला

फोन नं. ०८७-५२००१२
फोन नं. ०८७-५२०११२
फ्याक्स ०८७-५२०१८०

प.सं. २०७७/७८ (प्रशासन)
च.नं.

मिति: २०७७.०४.३२

## प्रमुख जिल्ला अधिकारीद्वारा जारी आदेश।

चन्दननाथ नगरपालिकाको विभिन्न स्थानबाट Throat Swab संकलन गरी परीक्षण गर्ने क्रममा समुदाय स्तरसम्म कोरोना संक्रमणको फैलावट हुनसक्ने विषयलाई मध्यनजर गर्दै चन्दननाथ नगरपालिकाको पूर्वमा दानसाँघु, पश्चिममा उमगाड, उत्तरमा कर्णाली प्राविधिक शिक्षालय तथा दक्षिणमा तिला नदीको चार किल्ला भित्रको क्षेत्रमा औषधी पसल र स्वास्थ्य सेवा बाहेकका सम्पूर्ण क्रियाकलापहरू पूर्णरूपमा बन्द गर्ने तथा जिल्लाको अन्य क्षेत्रहरू तातोपानी, तिला, गुठिचौर, हिमा, सिंजा र कनकासुन्दरी गाँउपालिका समेतमा मिति २०७७.०४.३२ गते राती १२ बजे देखि अर्को आदेश नभएसम्मका लागि भिडभाड, जमघट, भेला, पर्व, जात्रा तथा आसन्न चाडपर्वहरू नगर्न नगराउने तथा कुनै पसल, कार्यालय, व्यवसाय, संघ संस्था खोल्न नपाउने गरी आज मिति २०७७.०४.३२ राती १२ बजे देखी अर्को निर्णय नभएसम्मको लागि सङ्क्रामक रोग ऐन, २०२० को २ (२) तथा स्थानीय प्रशासन ऐन, २०२८ दफा ६ (३) बमोजिम निषेधाज्ञा जारी गरिएको व्यहोरा सर्वसाधारणमा सूचित गरिन्छ।

०७७/०४/३२
प्रमुख जिल्ला अधिकारी